आज मिति २०७३।१।५ गते मेचिनगर नगरपालिकाको बोर्ड बैठक नगरप्रमुख एवं कार्यकारी अधिकृत श्री पशुपति खतिवडा ज्यू को अध्यक्षतामा निम्न उपस्थितिमा बसि निम्नअनुसार निर्णय गरीयो ।

उपस्थिति

नगरप्रमुख एवं कार्यकारी अधिकृत : श्री पशुपति खतिवडा

आमन्त्रित

| | |
|---|---|
| लेखा अधिकृत | : श्री राजन कुमार भेटवाल |
| ईन्जिनियर | : श्री कमल प्रसाद कोईराला |
| ईन्जिनियर | : श्री ईन्द्र बहादुर थापा |
| खरिदार | : श्री प्रेम प्र.पराजुली |

निर्णय

यस मेचीनगर नगरपालिका कार्यालयको मिति२०७२।११।२१ गतेको जनसंसद दैनिकमा प्रकाशित सडकबोर्ड कार्यक्रम अन्तरगत सडकमर्मत गर्ने कार्यको बोलपत्र पेश गर्ने बारेको सुचना अनुसार म्याद भित्र पर्न आएका बोलपत्रदाता हरुमा शान्ती निर्माण सेवा बाहुन्डाँगी ८ र सरोज निर्माण सेवा अनारमनि ३ ले पेश गरेको बोलपत्रहरु मिति २०७२।१२।२५गतेको बोलपत्र मुल्याकन समितिको निर्णय शिफारिस समेतका आधारमा शान्ति निर्माण सेवा बाहुन्डाँगी ८ ले रु ६२,५६,८९५।०१(मु.अ.कर सहित) अकं कबोल गरेको र सरोज निर्माण सेवा गरामनि ३ ले रु ६२,७०,९७२।४८(मु.अ.कर सहित) अकं कबोल गरेको तथा कार्यलयको स्विकृत लागत अकं रु ६४,५६,४७९।१२ रहेको हुदा शान्ति निर्माण सेवा बाहुन्डाँगी ८ ले कबोलगरेको अंक कार्यलयको स्विकृत लागत अक तथा सरोज निर्माण सेवा अनारमनि ३ ले कबोल गरेको अंक भन्दा कम देखिएको ले शान्ती निर्माण सेवा बाहुन्डाँगी ८ ले कबोल गरेको कबोल अंक सारभुतरुपमा प्रभावग्राहि मान्दै मिति २०७२।१२।२६ गते लोकतन्त्रपोष्ट दैनिकमा बोलपत्र स्विकृतका लागी ७ (सात) दिनको आसयपत्र जारीगरेकोमा उक्त समय भित्र कुनै पनि दाबि बिरोध पर्न नआएको हुदा शान्ती निर्माण सेवा बाहुन्डाँगी ८ ले कबोल गरेको रु ६२,५६,८९५।०१(मु.अ.कर सहित)को कबोल अंकको बोल पत्र स्विकृत गर्ने निर्णय गरीयो ।

श्री लेखा शाखा